पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ४ पोखरा खण्ड : ६६ प्रमाणित मितिः २०७७ माघ २४ गते

## भाग १

## शहरी योजना आयोग गठन तथा संचालन नियमावली २०७४ (दोश्रो संशोधन)

# शहरी योजना आयोग गठन तथा संचालन नियमावली २०७४

| नियम | भएको व्यवस्था | संशोधन हुनुपर्ने | थप हुनुपर्ने | संशोधन तथा थप गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| - | प्रस्तावना | हरफ १, ३ र ७ मा लेखनाथ भन्ने शब्द हटाउने । | - | महानगरपालिक(ाको नाम संसोधन भएकोले |
| - | परिच्छेद शिर्षक नभएको | प्रस्तावनाको वाक्याँस पछी परिच्छेद १ | "**परिच्छेद १ (प्रारम्भिक)**" थप गर्ने । | परिच्छेद २ नभएको |
| १. | संक्षिप्त नाम र प्रारम्भ | उपनियम १ र २ मा ले खनाथ भन्ने शब्द हटाउने, | – | महानगरपालिक(ाको नाम संसोधन भएकोले |
| २. | परिभाषा | मूल नियमावलीको उपनियम २ को क), ज) र झ) बाट ले खनाथ शब्द हटाउने | - | महानगरपालिक(ाको नाम संसोधन भएकोले |
| - | परिच्छेद २ र शिर्षक नभएको | मूल नियमावलीको नियम २ को ञ) पछी परिच्छेद २ | "**परिच्छेद २ (आयोगको गठन, बैठक तथा काम कर्तव्य र अधिकार)**" थप गर्ने | परिच्छेद २ नभएको |
| ३ | आयोगको गठन | मूल नियमावलीको नियम ३ को उपनियम २ को ख) र ग) मा प्रमुखबाट मनोनित भन्ने शब्दको सट्टा कार्यपालिकाबाट भन्ने शब्द राख्ने । | - | योजना आयोगको पदाधिकारीहरु कार्यपालिकाले नियुक्ति गर्नु उचित हुने । |
| ३ | आयोगको गठन | नियम ३ को उपनियम २ ग) का सबै वाक्याँसको सट्टा नगर कार्यपालिकाबाट नियुक्त कम्तिमा एक महिला सहित बढीमा चारजना सदस्य भन्ने वाक्याँस राख्ने । | - | महानगरपालिक(ाको नाम संसोधन भएकोले |
| ३ | आयोगको गठन | | **नियम ३ को उपनियम ३ को वाक्याँस पछी थप :** ४) उपदफा २ को खण्ड ग) बमोजिमका सदस्यको | |

| | | | | |
|---|---|---|---|---|
| | | | नयुक्ति गर्दा देहायका विषय क्षेत्र लगायतको प्रतिनिधित्व हुने गरी विज्ञता र समावेशी आधार मा गरिनेछ :<br>क) आर्थिक विकास<br>ख) सामाजिक विकास<br>ग) भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा<br>घ) अन्य प्राकृतिक स्रोत र मानव स्रोत व्यवस्थापन<br>ङ) सुशासन तथा व्य( वस्थापन | विषय क्षेत्र तोक्नु उचित हुने । |
| ४ | आयोगको सदस्यहरुको योग्यता | मूल नियमावलीको नियम ४ का सबै वाक्याँस र खण्डहरु हटाउने | - | परिच्छेद ४ मा थप स्पष्ट र क्रमवद्ध राखिएको ले । |
| थप गरिएको परिच्छेद २ | आयोगको गठन | | **परिच्छेद २ मा नियम ३ पछी थप गर्नेः**<br>४. **आयोगको बैठक** : (१) आयोगको बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ ।<br>(२) अध्यक्षको निर्देशनमा आयोगको सदस्य सचिवले आयोगको बैठक बो लाउनेछ ।<br>(३) आयोगको बैठकको अध्यक्षता आयोगको अध्यक्षले गर्नेछ ।<br>(४) आयोगमा तत्क( ाल कायम रहेका कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा आयोगको | |

| | | | | |
|---|---|---|---|---|
| | | | बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ । (५) आयोगको बैठकमा बहुमतको निर्णय आयोगको निर्णय मानिनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ । (६) आयोगको बैठकको निर्णय आयोगको सदस्य सचिवबाट प्रमाणित गरिनेछ । (७) आयोगको बैठकमा आवश्यत्ता अनुसार कुनै पदाधिकारी वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ । (८) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैंले निर्धारण गरे बमोजिम हुनेछ । **५. आयोगको नियमित बैठक** : (१) आयोगको नियमितकार्य सञ्चालनको रेखदेख, नियन्त्रण, सुपरीवेक्षण एवं मूल्याँकनका लागि आयोगको नियमित बैठक प्रत्येक महिना बस्नेछ । (२) आयोगको नियमित बैठक उपाध्यक्षको निदेशनमा आयोगको सदस्य सचिवले बोलाउनेछ । (३) आयोगको नियमित बैठकको अध्यक्षता उपाध्यक्षले गर्नेछ र | |

| | | | | |
|---|---|---|---|---|
| | | | उपाध्यक्षको अनुपस्थितिमा आयोगका वरिष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ । (४) आयोगको नियमित बैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैले निर्धारण गरे बमोजिम हुनेछ । | |
| ६ | सदस्यहरुको अयोग्यता | मुल नियमावलीको नियम ६ का सबै वाक्याँस तथा खण्डहरु हटाउने | - | मुल नियमावलीको नियम ६ का सबै वाक्याँस तथा खण्डहरु हटाउने |
| ७ | बैठक सम्बन्धी व्यवस्था | मूल नियमावलीको नियम ७ का सबै वाक्याँस तथा खण्डहरु हटाउने । | - | यो नियमको व्यवस्था अपुग भएकोले संशोधित नियम ४ र ५ मा स्पष्ट क्रमवद्ध र ाखिएको । |
| ८ | परिच्छेद ३ नभएको | | संसोधित परिच्छेद २ का सबै नियम र खण्ड तथा वाक्याँस पछी र मूल नियमावलीको नियम ८ भन्दा पहिले थप गर्ने: **"परिच्छेद ३ (उपाध्यक्ष तथा सदस्यको काम कर्तव्य र अधिकार)"** | क्रमवद्ध राख्नुपर्ने तथा परिच्छेद थप गर्नुपर्ने भएकोले । |
| - | | परिच्छेद ४ नभएको | संसोधित परिच्छेद ३ का सबै नियम र खण्ड तथा वाक्याँस पछी र मूल नियमावलीको नियम १० भन्दा पहिले थप गर्ने : **"परिच्छेद ४ (उपाध्यक्ष तथा सदस्यको सेवाका शर्त तथा सुविधा)"** | परिच्छेद थप गरी स्पष्ट गर्नुपर्ने भएकोले । |

| | | | | |
|---|---|---|---|---|
| | | | **१०. योग्यता : देहायका योग्यता भएको व्यक्ति आयोगको उपाध्यक्ष वा सदस्यमा नियुक्त हुन सक्नेछ :**<br>(क) नेपाली नागरिक ।<br>(ख) ३५ वर्ष उमेर पुगेको,<br>(ग) मान्यता प्राप्त विश्(वविद्यालयबाट कम्तिमा स्नातकोत्तर उतिर्ण गरी कम्तिमा ७ वर्षको विशिष्ठ अनुभव हासिल गरेको,<br>(घ) कुनै फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको,<br>(ङ) नियतबस बैंकको ऋण नतिरी प्रचलित कानून बमोजिम कालो सूचीमा नपरेको,<br>(च) मानसिक अवस्था ठीक भएको,<br>(छ) विदेशको आवासीय भिसा, डिभि, पीआर धारणा नगरेको,<br>(ज) प्रचलित कानून बमोजिम अयोग्य नभएको ।<br>**११. पद रिक्त हुने अवस्था : देहायको अवस्थामा उपा(ध्यक्ष तथा नियुक्त सदस्यको पद रिक्त हुनेछ :**<br>(क) महानगरपालिका समक्ष आफ्नो पदबाट राजीनामा दिएमा,<br>ख) नियम १० बमोजिमको योग्यता कायम नरहेमा,<br>ग) नगर कार्यपालिकाले पदमुक्त गरेमा | |

| | | | | |
|---|---|---|---|---|
| | | | (घ) पदावधि पुरा भएमा,<br>(ङ) निजको मृत्यु भएमा ।<br>१२. शपथ : आफ्नो कार्यभार सम्हाल्नु अघि उपाध्यक्षले अध्यक्ष समक्ष नियुक्त सदस्यहरुले उपा( ध्यक्ष समक्ष अनुसूची बमोजिमको ढाँचामा पद तथा गोपनियताको शपथ लिनु पर्नेछ ।<br>१३. पदावधिः (१) अयोगका उपाध्यक्ष तथा सदस्यहरुको पदावधि ५ वर्षको हुनेछ ।<br>(२) उपनियम (१) बमोजिमको पदावधि बाँकी रहेकै अवस्थामा आयोगको कुनै सदस्यको पद रिक्त रहन गएमा त्यसरी रिक्त रहन गएको स्थानमा बा( ँकी अवधिको लागि नगर कार्यपालिकाले रिक्त पदमा नियुक्त गर्न सक्नेछ ।<br>(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगर कार्यप( ालिकाले आवश्यकता अनुसार सदस्य तथा उप( ाध्यक्षहरुलाई पदमुक्त गर्न सक्नेछ । | |
| १० | पदावधि | मूल नियमावलीको नियम १० हटाउने | - | परिच्छेद ४ मा स्पष्टसंग राखिएकाले आवश्यक नभएको । |

| | | | | |
|---|---|---|---|---|
| ११ | पद रिक्त हुने अवस्था | मूल नियमावलीको नियम ११ हटाउने | - | परिच्छेद ४ मा स्पष्ट संग राखिएको ले आवश्यक नभएको । |
| | परिच्छेद ५ नभएको | | संसोधित नियमालीको परिच्छेद ४ का सबै नियम, उपनियम र खण्ड का वाक्यांशहरु पछी परिच्छेद ५ (विविध) थप गर्ने र मूल नियमावलीको नियम १३ देखि २३ सम्म क्रमशः यस परिच्छेदमा समावेश गर्ने । यसै परिच्छेदमा मूल नियम २२ पछि देहाय अनुसार नियम थप गर्ने :<br>२३.अधिकार प्रत्यायोजन : आयोगले यस आदेश बमोजम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यक(ता अनुसार केही अधिकार उपाध्यक्ष, सदस्य वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ । | |
| २१ | प्रतिवेदन पेश गर्ने | ूल नियमावलीको नियममा २१ र सबै उपनियमका वाक्याँसहरुको सट्टा देहाय अनुसार कायम राखिएको :<br>२१. प्रतिवेदन पेश गर्ने : (१) आयोगले प्रत्येक वर्ष वार्षिक प्रतिवेदन तयार गरी नगर कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।<br>(२) उपनियम (१) बमोजिम | | मूल नियममा स्पष्ट पार्नुपर्ने दे खिएकाले |

| | | | | |
|---|---|---|---|---|
| | | पेश गरेको प्रतिवेदन नगर कार्यपालिकाले नगर सभामा पठाउनेछ ।<br>(३) उपनियम (१) बमोजिमको प्रतिवेदन आयोगले सार्वजनिक गर्नेछ ।<br>(४) उपनियममा (१) बाहेक आयोगले मासिक र चौमासिक रुपमा प्रतिवेदन नियमित रुपमा अध्यावधिक गर्नेछ । | | |
| २३ | खारेजी र संसोधन | मूल नियममा लेखनाथ शब्द हटाउने । | - | महानगरपालिकाको नाम संसोधन भएकाले |
| २४ | अनुसूची १ दफा २ को बाकायाँस पछि थप गर्नुपर्ने | - | यस दफामा जुनसुकै कुरा लेखीएता पनि आयोगको उपाधयक्ष वा सदस्य यस पूर्व नेपाल सरकारको सेवा लिएको भए आयोगको पदाधिकारी रहंदा सो सेवा नघट्ने गरि रहनेछ । | मूल नियममा स्पष्ट पार्नुपर्ने देखिएकाले |

**मिति : २०७७ फागुन ६ गते**

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**